भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या : ०२२/८३
चलानी नं. :९९४३

बागमती प्रदेश, नेपाल
मितिः २०८२/०९/०८

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री जो जससँग सम्बन्धित छ।

प्रस्तुत विषयमा दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. १ स्थित श्री लामानागी आधारभुत विद्यालय, सुस्पाक्षमावती, दोलखामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पद १ (एक) मा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको चलानी नम्बर १९, मिति २०८२/०९/०७ को पत्रबाट अनुरोध भई आएको हुँदा सम्बन्धित तहका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिनका लागि शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयमा उपस्थित भई वा विद्यालयको इमेल ठेगाना schoollamanagi701@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ।
२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।
३. सम्पर्कको लागि : ९८४००७५३९५ (प्रधानाध्यापक)

.....
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
विष्णु प्रसाद सुवेदी

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, दोलखा
२. श्री लामानागी आधारभुत विद्यालय भीनपा-१, सुष्पाक्षमावती, दोलखा – **मुचुल्का गरी सूचना टाँस गर्नुहुन।**
३. श्री सूचना प्रविधि शाखा, भीमेश्वर नगरपालिका- **सूचना website मा प्रविष्ट गरिदिनुहुन।**